# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : १३/२०७९-८०

मितिः २०७९/०९/०८

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,**

**श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु तथा अन्य निकायहरु ।**

विषय : विनियमावलीहरु संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

यस बैंकबाट जारी **नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७, नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७** तथा **नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ लाई** संलग्नबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

भवदीय,

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
९) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१०) श्री नेपाल उद्योग परिसंघ ।
११) श्री नेपाल चेम्बर अफ कमर्स ।
१२) श्री नेपाल बैंकर्स संघ ।
१३) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१४) श्री नेपाल मुद्रा विप्रेषक संघ ।
१५) श्री विदेशी मुद्रा सटही व्यवसायी संघ नेपाल ।

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


**(क) नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

१. विनियम ४ को उपविनियम (३) मा देहायबमोजिम बुँदा (ङ) थप गरिएको छ :

प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको (प्रमाण पेश गर्नु पर्ने) ।

२. विनियम १५ मा देहायबमोजिम उपविनियम (३) थप गरिएको छ :
विनियम ४ को उपविनियम (३) बमोजिमको योग्यता नवीकरणको समयमा समेत पुगेको हुनु पर्नेछ ।

३. अनुसूची-१ मा देहायबमोजिम बुँदा नं. ५ थप गरिएको छ :
प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको सम्बन्धी प्रमाण समेत पेश गर्दछु/गर्दछौं ।

**(ख) नेपाल राष्ट्र बैंक मनिचेञ्जर इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

१. विनियम ४ को उपविनियम (३) मा देहायबमोजिम बुँदा (ट), अनुसूची-१ मा देहायबमोजिम बुँदा नं. ५ र अनुसूची-११(क) मा देहायबमोजिम बुँदा नं. १३ थप गरिएको छ :
प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको (प्रमाण पेश गर्नु पर्ने) ।

२. विनियम १९ मा देहायबमोजिम उपविनियम (१क) थप गरिएको छ :
विनियम ४ को उपविनियम (३) बमोजिमको योग्यता नवीकरणको समयमा समेत पुगेको हुनु पर्नेछ ।

**(ग) नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

१. विनियम ८ को उपविनियम (३) मा देहायबमोजिम बुँदा (ट), अनुसूची-४(क) मा देहायबमोजिम बुँदा १९क, अनुसूची-६(क) मा देहायबमोजिम बुँदा १५क, अनुसूची-७ मा देहायबमोजिम बुँदा २०क र अनुसूची-९ मा देहायबमोजिम बुँदा १४क थप गरिएको छ :

प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) देखिएको भए सजाय भुक्तान गरेको ५ वर्ष व्यतीत भइसकेको (प्रमाण पेश गर्नु पर्ने) ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग